# शिक्षकको पेशागत विकासमा स्रोतकेन्द्रको भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना

तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह

दोस्रो वर्षको (EPM) विषयको आंशिक

आवश्यकता परिपूर्तिका लागि

तयार गरिएको

## शोधपत्र

शोधकर्ता

मणिकुमार गिरी

एम.एड. द्वितीय वर्ष

क्याम्पस रोल नं. १२३

परीक्षा रोल नं. २१४००८३

त्रि.वि.द.नं. ९५२८-९०

शैक्षिक वर्ष : २०६५/०६६

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

२०६९

# कृतज्ञता ज्ञापन

शैक्षिक योजना तथा व्यवस्थापन क्षेत्रमा संलग्न भएका व्यक्तित्वहरूलाई व्यवहारिक क्षेत्रमा अभ्यस्त गराउने प्रयोजनार्थ त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय अन्तरगत स्नातकोत्तर तह द्वितिय वर्षको EPM विभागको निर्धारित पाठ्यक्रम अनुसार ५० पूर्णङ्कको शोधपत्र तयार गर्नुपर्ने प्रावधानका बावजुद प्रस्तुत 'शिक्षकको पेशागत विकासमा स्रोतकेन्द्रको भूमिका' नामक शोधपत्र यस रुपमा तयार गरिएको छ ।

प्रस्तुत शोध पत्रमा प्रश्नावलीका साथै विद्यालयमा विद्यमान रहेका नविनतम् एवम् वास्तविक तथ्याङ्कहरूलाई आधार लिँदै यथाशक्य बल, विवेक र बुताले भ्याए सम्म सत्य तथ्यको नजिक पुग्ने प्रयास गरिएको छ । साथै यस शोधपत्रलाई अन्तिम रुपमा ल्याउन विभिन्न विद्वान, शिक्षाविद र सिद्धान्तकारहरूका लेख, रचना, पुस्तक र सिद्धान्तहरूको गहन अध्ययन तथा अनुसन्धान समेत गरिएको छ । शिक्षा ऐन तथा नियमावली, शिक्षा आयोगका विभिन्न प्रतिवेदनहरू, शिक्षकको पेशागत विकास तालिम कार्यक्रम कार्यान्वयन पुस्तिका र स्रोतकेन्द्र संचालन सम्बन्धी निर्देशिकाहरूलाई केस्रा केस्रामा अध्ययन गरी प्रस्तुत शोधपत्र लेखन कार्य सम्पन्न गरिएको छ ।

यस शोधपत्र लेखनमा धेरै महानुभावहरूको सकारात्मक सुझाव एवम् सहयोग समेत प्राप्त भएको छ । जस्मा प्रमुख रुपमा यो शोधपत्र तयारीका लागि सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ्गका क्याम्पस प्रमुख श्री पित कुमार श्रेष्ठ ज्यूले पुऱ्याउनु भएको विशेष सहयोगका लागि हार्दिक आभार व्यक्त गर्न चाहन्छु । शोधपत्र अभिमुखीकरण देखि अन्तिम तयारी सम्म अमूल्य समय खर्चिएर निरन्तर सहयोग, सल्लाह र मार्गदर्शन प्रदान गर्दै उपयुक्त वातावरण मिलाई दिनुहुने सुकुना बहुमुखी क्याम्पस EPM विभागका प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठज्यूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी स्थलगत अध्ययनका क्रममा वास्तविक तथ्य तथ्याङ्कको नजिक पुग्न सहयोग प्रदान गर्नुहुने स्रोतव्यक्ति ज्यूहरू, प्रधानाध्यापक ज्यूहरू र श्रद्धेय गुरुजनप्रति विशेष धन्यवाद प्रदान गर्दछु । साथै यो शोधपत्र लेखन कार्यमा आवश्यक समय र उपयुक्त सामग्रीको चाँजो पाँजो मिलाइ विशिष्ट सहयोग प्रदान गर्ने मेरी श्रीमती गीता गिरी र छोरा किरणकिशोर गिरीलाई पनि हृदय देखिनै श्रद्धा सुमनका साथ धन्यवाद दिन चाहन्छु र अन्त्यमा कम्प्यूटर सहयोग प्रदान गर्नुहुने श्री खोटाङ्गे कम्यूनिकेशन बरगाछी विराटनगरका श्री टेकराज श्रेष्ठ र नारायण सुवेदी ज्यूलाई पनि हार्दिक आभार प्रकट गर्दछु ।

॥ धन्यवाद ॥

# शोधसार

शिक्षकको पेशागत विकासमा स्रोतकेन्द्रको भूमिका शीर्षकमा प्रस्तुत शोधपत्र तयार गरिएको छ । यस शोधपत्रको मूख्य उद्देश्य शिक्षाको पेशागत विकासमा स्रोतकेन्द्रले खेलेको भूमिकाको विश्लेषण गर्नु, शिक्षकको पेसागत विकासमा स्रोतकेन्द्रले खेल्नु पर्ने भूमिका पहिल्याउनु र शिक्षकको पेसागत विकास गर्ने क्रममा स्रोतकेन्द्रले भोल्नुपरेका समस्याहरू तथा समाधानका उपायहरू सुझाउनु रहेको छ ।

उक्त उद्देश्य पुरागरी निष्कर्ष निकाल्नका लागि खोटाङ् जिल्लाका ३ वटा स्रोतकेन्द्रका ३ जना स्रोतव्यक्तिहरू, १८ वटा विद्यालयका १८ जना प्रधानाध्यापकहरू र उक्त विद्यालयका ३८ जना शिक्षकहरूलाई प्रश्नावलीमा समावेश गरिएको छ । स्रोतकेन्द्रहरूको छनौट उद्देश्यपूर्ण नमुना छनोटको आधारमा गरिएको छ भने विद्यालय तथा शिक्षकहरूको छनौट समान सम्भावनायुक्त नमुना छनौट विधिको आधारमा गरिएको छ । यो अनुसन्धानमा परिमाणात्मक र गुणात्मक मिश्रित ढाँचाको प्रयोग गरिएको छ । अध्ययन अनुसन्धानका क्रममा प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण र प्रतिशतमा प्रस्तुत गरी नतिजाको छलफल गरिएको छ ।

प्रस्तुत अनुसन्धानमा स्रोतकेन्द्रले शिक्षकहरूको कार्यक्षमता अभिवृद्धि गर्नका लागि शिक्षकको पेशागत तालिम, पाठ्यक्रम प्रवोधिकरण, शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धी तालिम, स्थानीय भाषा शिक्षण तालिम र निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम सञ्चालन गरेको पाइयो । साथै स्रोतव्यक्ति र शिक्षक बीच राम्रो सम्बन्ध कायम हुन नसकेको, शिक्षकहरूलाई उचित समन्वय र उत्प्रेरणा प्रदान गर्न नसकेको पाइयो । स्रोतकेन्द्रमा आर्थिक अभाव हुनु, स्रोतव्यक्तिलाई तालिमको व्यवस्था नहुनु, विषयगत स्रोतव्यक्ति नहुनु, सहायक कर्मचारीको व्यवस्था नहुनु, दण्ड र पुरस्कारको व्यवस्था नहुनु, नीति नियम स्पष्ट नहुनु, राजनैतिक हस्तक्षेप र स्वच्छ शैक्षिक वातावरण नहुनु जस्ता समस्याहरू स्रोतकेन्द्रमा विद्यमान रहेको पाइयो ।

प्रस्तुत शोधपत्रमा स्रोतव्यक्तिले सबै विद्यालयहरूको निरीक्षण तथा सुपरीवेक्षण गर्नुपर्ने, विषयगत स्रोतव्यक्ति नियुक्त गर्नुपर्ने, स्रोतकेन्द्रलाई आर्थिक सुविधा प्रदान गर्नुपर्ने, स्रोतधकेन्द्रमा सहायक कर्मचारीको व्यवस्था गर्नुपर्ने,स्पष्ट नीति नियम निर्माण र कार्यान्वयन गर्नुपर्ने, निरीक्षण प्रतिवेदन कार्यान्वयन हुनुपर्ने र स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न सबैले एकतावद्ध भएर प्रयास गर्नुपर्ने सुझावहरू प्रस्तुत गरिएको छ ।

# तालिका सूचि


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | शिक्षकको पेशागत विकासगर्न स्रोतकेन्द्रले खेलेका भूमिकाहरू | १९ |
| २. | एक शैक्षिक वर्षमा भएको निरीक्षण | २१ |
| ३. | विद्यालय निरक्षणमा स्रोतव्यक्तिको व्यवहार | २३ |
| ४. | शिक्षकको पेसागत विकासका लागि अतिरिक्त कार्यक्रम सम्बन्धी गोष्ठीहरू | २४ |
| ५. | शिक्षकको क्षमता विकासका लागि स्रोतकेन्दमा संचालित अतिरिक्त क्रियाकलाप सम्बन्धी तालिमहरू | २६ |
| ६. | समुदाय परिचालनका कार्यहरू | २७ |
| ७. | शिक्षकको पेशागत विकास तालिम विवरण | २९ |
| ८. | शिक्षकको पेशागत विकास गर्न स्रोतकेन्द्रले खेल्नुपर्ने भूमिकाहरू | ३० |
| ९. | विषयगत कक्षा अवलोकन | ३२ |
| १०. | कक्षा अवलोकन पछि स्रोतव्यक्ति र शिक्षक वीच छलफल | ३४ |
| ११. | शिक्षणिक योजना बनाउन सहयोग | ३५ |
| १२. | शिक्षकको पेसागत विकास गर्ने क्रममा स्रोतकेन्द्रले झेल्नुपरेका समस्याहरू | ३६ |
| १३. | शिक्षकको पेसागत विकास गर्ने क्रममा स्रोतकेन्द्रले झेल्नुपरेका समस्या समाधानका उपायहरू | ४१ |

# विषय सूची


पृष्ठ

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन क

शोधसार ख

तालिका सूची ग

विषय सूची घ-ङ

**परिच्छेद एक : परिचय १-८**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको औचित्य ५

१.४. अध्ययनको उद्देश्य ६

१.५. अनुसन्धानात्मक प्रश्नावलीहरू ७

१.६ अध्ययनको परिसीमा ७

१.७. शब्दावलीहरूको परिभाषा ८

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनवारलोकन तथा सैद्धान्तिक खाका ९-१४**

२.१. सम्बन्धित साहित्यको पुनरावलोकन ९

२.२. अध्ययनको सैद्धान्तिक खाका ११

२.३. पुनरावलोकनको उपादेयता १३

**परिच्छेद तीन : अध्ययन विधि १५-१७**

३.१. अनुसन्धान ढाँचा १५

३.२. जनसंख्या १५

३.३. नमुनाको छनौट १५

३.४. अनुसन्धानका साधनहरू १६

३.५.	तथ्याङ्कको स्रोत	१६
३.५.१. प्राथमिक स्रोत	१७
३.५.२. द्वितीय स्रोत	१७
३.६.	तथ्याङ्क संकलन विधि	१७
३.७.	तथ्याङ्क विश्लेषण विधि	१७

**परिच्छेद चार : नतिजाको छलफल	१८-४४**

४.१	शिक्षकहरूको पेशागत विकास गर्न स्रोतकेन्द्रले खेलेका भूमिकाहरू	१८
४.१.२ एक  शैक्षिक वर्षमा भएको निरीक्षण	२०
४.१.३. विद्यालय निरीक्षणमा स्रोतव्यक्तिको व्यवहार	२२
४.१.४ शिक्षकको पेसागत विकासका लागि अतिरिक्त कार्यक्रम सम्बन्धी गोष्ठीहरू	२४
४.१.५ शिक्षकको क्षमता विकासका लागि स्रोतकेन्द्रमा संचालित अतिरिक्त क्रियाकलाप सम्बन्धी तालिमहरू	२५
४.१.६  समूदाय परिचालनका कार्यहरू	२७
४.१.७  शिक्षकको पेशागत विकास तालिम	२८
४.२.	शिक्षकको पेशागत विकास गर्न स्रोतकेन्द्रले खेल्नुपर्ने भूमिकाहरू	३०
४.२.१ कक्षा अवलोकन	३२
४.२.२. कक्षा अवलोकन पछि स्रोतव्यक्ति र शिक्षक बीच छलफल	३३
४.२.३. शैक्षणिक योजना बनाउन सहयोग	३४
४.३.	शिक्षकको पेसागत विकास गर्ने क्रममा स्रोतकेन्द्रले भ्फल्नुपरेका समस्याहरू	३६
४.४	शिक्षकको पेसागत विकास गर्ने क्रममा स्रोतकेन्द्रले भ्फेल्नुपरेका समस्या समाधानका उपायहरू	४१

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू	४५-४८**

५.१	प्राप्ति	४५
५.२	निष्कर्ष	४७
५.३	सुझावहरू	४७
५.३.१ नीतिगत तह	४८
५.३.२ अभ्यास तह	४८
५.३.३ अनुसन्धान तह	४८
सन्दर्भ ग्रन्थ सूची	i
अनुसूचीहरू	ii- xii